कुनै पनि मुमिन पुरुषले मुमिन महिलालाई घृणा गर्नु हुँदैन । यदि उसलाई उसको एउटा गुण मन पर्दैन भने अन्य बानी मन पर्नेछ ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "कुनै पनि मुमिन पुरुषले मुमिन महिलालाई घृणा गर्नु हुँदैन । यदि
उसलाई उसको एउटा गुण मन पर्दैन भने अन्य बानी मन पर्नेछ । " वा "अन्य" को सट्टा उहाँले "अर्को" शब्द भन्नुभयो । [सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले पतिलाई आफ्नी पत्नीप्रति यस्तो घृणा नगर्न आदेश दिनुभएको छ, जसले अन्याय, परित्याग र सम्बन्ध विच्छेदलाई निम्त्याउँछ । किनभने हरेक मानिसमा जन्मजात केही न केही कमजोरी हुन्छन् । त्यसैले यदि उसलाई श्रीमतीको कुनै बानी मन पर्दैन भने अर्को बानी निश्चयनै मन पर्छ । यस्तो अवस्थामा आफूलाई मन पर्ने बानीमा खुशी हुनुहोस् र मन नपर्ने बानीमा धैर्य राख्नुहोस् । यसो गर्दा रमाइलो वातावरण सृजना हुनेछ र मन नपर्ने कुराहरू बिछोडको बिन्दुसम्म पुग्ने छैनन् ।

https://sunnah.global/hadeeth/ne/show/3071